# ६. परिवारमा सम्बन्ध


## क. मुख्य पदहरु

१पत्रस ३:१-७
कलस्सी ३:१८-२१
उत्पत्ति २:१८-२५
हितोपदेश ३१:१०-३१
एफिसी ५:२१-३३
१कोरिन्थी ७:१-४०
मत्ती १९:१-१२
एफिसी ६:१-४
१तिमोथी ५:४, ८
१कोरिन्थी ११:३, ११-१२

## ख. परिचय


पारिवारिक इकाई परमेश्वरले स्थापना गर्नुभएको हो (उत्पत्ति १:२७-२८; उत्पत्ति २:२४). यो एउटा स्थायी भुण्डका रुपमा बनाइएको छ जहाँ स्त्री, पुरुष र बालबच्चाहरुले पनि परमेश्वरको राज्यका सिद्धान्तहरुलाई प्रकट गर्न सकून्. परिवार र यसका सबै सदस्यहरुबाट मानव जातिको शारीरिक र आत्मिक बृद्धिमा सहायता पुग्दछ. तर आज यो पारिवारिक इकाई तोडिएको छ. परमेश्वरले इच्छा गर्नुभए अनुसार परिवारको वरिपरि स्थीर समाजको विकास हुनुको सट्टा यो अहिले पूरा समाजलाई दुरगामी प्रभाव पर्ने गरी छिन्न भिन्न भएको छ. यदि पारिवारिक जीवनको निम्ति परमेश्वरको सिद्धान्तहरुको पुनर्स्थापन भएमा जीवनको लागि परिवार फेरि एकचोटी स्थायी जग हुनेछ जसको निम्ति यसको प्रारुप पहिले नै तयार गरिएको थियो. यसरी हाम्रो कष्टमय संसारदेखि प्रत्येक सदस्यले यसबाट गतिलो सुरक्षा प्राप्त गर्न सक्दछन्. परिबारभित्र परमेश्वरले विशेष सम्बन्धहरुको भूमिका तोक्नुभएको छ.सफलतापूर्वक परिवार संचालन हुनको लागि प्रत्येक सदस्यले त्यो विशेष भूमिका निभाउनै पर्दछ.

परमेश्वरको पारिवारिक इकाई (भुण्ड)



## क. श्रीमान र श्रीमती बीचको सम्बन्ध

**श्रीमान र श्रीमती बीचको सम्बन्ध**




(तिनीहरु परमेश्वरको नजीक हुनथालेपछि एक आपसमा पनि तिनीहरु नजिकिन थाल्छन)

### क. श्रीमानको भूमिका

१. **परिवारको शिर** (उत्पत्ति ३:१६; १कोरिन्थी ११:३; एफिसी ५:२३)

श्रीमतीको शिर श्रीमान हो त्यसरी नै पुरुषको र मण्डलीको शिर येशू हुनुहुन्छ. यो परमेश्वरले तोक्नुभएको स्थान हो. यो परमेश्वरको इश्वरीय व्यवस्था हो. उसकी श्रीमती र केटाकेटीहरुमाथि श्रीमान परमेश्वरद्वारा खटाइएको अधिकारी हो. यो अधिकार र जिम्मेवारीको भूमिका हो. श्रीमान चाहिँ ख्रीष्टको मातहतमा रहन्छ र आफ्नी श्रीमती (परिवार) को वास्ता गर्ने शिर हुन ख्रीष्टमा ऊ जिम्मेवार छ. परिवारको शिर भएकोले परमेश्वरको सामून्ने रहेर आफ्नी श्रीमती र परिवारको भौतिक, भावनात्मक र आत्मिक विषयहरुमा उहाँको इच्छा जान्नुपर्दछ. उसले तिनीहरुको सुरक्षा र आशिषको निम्ति प्रार्थना गर्नुपर्दछ. आफू अयोग्य वा असमर्थ अनुभव गर्ने होइन तर यो श्रीमानको भूमिका हो भनेर स्वीकार गर्नुपर्दछ. आफ्नो परिवारको लागि ऊ पूजारीको हैसियतमा काम गर्नुपर्दछ (१पत्रस २:९). परमेश्वरको प्रतिनिधित्व आफ्नो परिवारमा र परिवारको प्रतिनिधित्व उसले परमेश्वरमा गर्नुपर्दछ. आफ्नो परिवारका जम्मै सदस्यहरुमा उद्धार ल्याउने उसको प्राथमिक चिन्ता हुनुपर्दछ, परिवारमा इश्वरीय अनुशासन कायम गर्दै यसलाई आत्मिक निर्देशन दिनुपर्दछ.

श्रीमानले आफ्नो कर्तव्य पूरा गरेमा ऊ र उसका परिवार दुवैलाई परमेश्वरले आशिष दिनुहुनेछ.

२. **उसले आफ्नी श्रीमतीलाई प्रेम गर्नुपर्दछ** (एफिसी ५:२५, २८, ३३)
यो मन लागे गर्ने अनि मन नलागे नगर्ने होइन तर यो परमेश्वरको एउटा आज्ञा हो. यहाँ "प्रेम" शब्द ग्रीक भाषामा अगापे (Agape) भनेर दर्शाइएको छ र यो आत्म-बलिदानात्मक प्रेम, येशूले हाम्रो लागि आफ्नो प्राण दिएर देखाइदिनु भएजस्तै नै हो. यस किसिमको प्रेमले (उचित) सही व्यवहारको माग गर्दछ तर यो खालि असल भावनामा मात्र आधारित प्रेम होइन. १कोरिन्थी १३:४-८ ले यस प्रकारको प्रेम धिरजी, दयालु, पूर्ण आदि हुन्छ भनेर देखाएको छ. यस किसिमका गुणहरु एउटा श्रीमानमा हुनुपर्दछ. यो आत्मत्याग हो. श्रीमानले आफ्नो श्रीमतीप्रति भए नभएको वास्ता नगर्ने र उनीप्रति प्रेमिलो व्यवहार नगर्ने हुनाले धेरै विवाहहरु परमेश्वरले दिनसक्ने उत्तम आशिषहरुदेखि वञ्चित भएका छन्. श्रीमानले श्रीमतीलाई आफैंलाई जस्तै प्रेम गर्नुपर्छ. जसरी उसले आफ्नो हेर विचार गर्नमा कुनै कसर बाँकी राख्दैन त्यसरी नै उसले आफ्नी श्रीमतीको हेर विचार गर्नमा पनि कुनै कसर बाँकी राख्नु हुँदैन.

३. **उसले आफ्नी श्रीमतीको हेरचाह तथा वास्ता गर्नुपर्छ**
परमेश्वरले स्त्रीलाई बनाउनुको कारण विवाह पश्चात तिनीहरुको चाहना श्रीमानप्रति ढल्कने र उसको अधिकारमा बस्न मन पराउने हुन्छ (उत्पत्ति ३:१६). पुरुषहरुभन्दा स्त्रीहरु भावनात्मक रुपमा बढी संवेदनशील हुन्छन्. त्यसकारण परमेश्वरको सामून्ने आफ्नी श्रीमतीको व्यवहारिक तथा भावनात्मक आवश्यकताहरु पूरा गर्ने जिम्मेवारी पुरुषको हुन्छ. उसले तिनको प्रेमपूर्ण वास्ता गर्नुपर्छ, बातचितमा ध्यान दिनुपर्छ र बेला बेलामा प्रेममा भावुक भइदिनुपर्छ किनभने उनीहरुलाई यी कुराहरुको आवश्यकता हुन्छ.
*"पति हो, त्यसै गरी आफ्ना पत्नीसँग विचारशील भएर बस, र स्त्रीलाई अबला ठानी आदर गर्ने गर, किनकि तिमीहरु जीवनका अनुग्रहका साझे हकदार हौ, यस हेतुले कि तिमीहरुका प्रार्थनामा बाधा नहोस."* (१पत्रस ३:७).

४. **पुरुषले आफ्नी स्त्रीको प्रशंसा गर्नुपर्दछ** (हितोपदेश ३१:२८)
आफ्नो पत्नीप्रति पतिहरु पास्टरको भूमिकामा हुन्छन्. त्यसरी तिनको स्वाभाविक क्षमतालाई विकास गर्नका साथै तिनको आत्मिक सेवकाई बढाउनमा श्रीमानको पास्टरको भूमिकाले मदत गर्छ. यद्यपि परिवारभित्र

जो जति हुन्छन् ती सबैमा श्रीमानको अधिकार र जिम्मेवारी हुन्छ तापनि उसले आफ्नी श्रीमतीको योग्यता र कर्तव्यको क्षेत्रमा तिनको मर्यादा राख्नुपर्छ. यो परिप्रेक्षमा तात्कालिक अधिकार र जिम्मेवारी तिनको हातमा सुम्पेर तिनको लागि फराकिलो वातावरण सृजना गरिदिनुपर्छ.

ख. श्रीमानको लागि सात व्यवहारिक पाइलाहरु

१. **आफ्नी श्रीमतीको दृष्टिकोण पनि आफ्नैजस्तो छ भनेर श्रीमानले बुझ्नुपर्छ**
श्रीमतीको दृष्टिमा आफ्नो महत्व उत्पन्न गर्नु श्रीमानको जिम्मेवारी हो. यो समयसम्म श्रीमतीको जीवनमा परमेश्वरको अद्‌भूत कामको निम्ति उसले उहाँमा कृतज्ञता जाहेर गर्नुपर्छ. उसकी श्रीमतीको दृष्टिकोण पनि उत्तिकै महत्वको छ भनेर विश्वास गर्न नसक्नुले परिवारमा झगडा उत्पन्न गराउंछ. धेरैपटक पुरुषको तर्कभन्दा स्त्रीको अन्तर्ज्ञान सही साबित हुन्छ. यो कुरा बच्चाहरुको आवश्यकताहरुमा उनको भावनात्मक संवेदनशीलताबाट स्पष्ट देखिन्छ. उनलाई आफूले गरेका अनुभवहरु प्रकट गर्न समय निकालेर पुरुषले सहायता नगरेमा उनमा अपर्याप्तता तथा कुण्ठित भावनाहरु उत्पन्न हुन सक्छन्.

२. **श्रीमतीको दैनिक निर्णयहरुप्रति श्रीमानको व्यवहार (रवैया) ले गर्दा आफ्नै निर्णयहरुप्रति उनको दृष्टिकोणमा पनि फरक ल्याउन सक्छ.**
जहाँ श्रीमानले आफ्नै इच्छा अनुसार गर्नसक्ने स्थिति हुँदैन यदि उसले आफ्नी श्रीमती प्रति संवेदनशील भएर उनकै पक्षमा जाने विचार गरेमा श्रीमानको निर्णयहरुमा आफ्नो भिन्न विचार भए तापनि उनी उसमा समर्पित हुन सजिलो पर्छ. यो उनलाई सन्मान दिएजस्तै हुनजान्छ.

३. **आफ्नी श्रीमतीसित कसरी सहानुभूति प्रकट गर्ने सो श्रीमानले थाहा पाउनुपर्छ**
विशेषगरी श्रीमती बिरामी परेको बेलामा वा भावनात्मक रुपमा कमजोर भएकी अवस्थामा श्रीमतीले अनुभव गरेजस्तै श्रीमानले पनि अनुभव गर्नुपर्दछ. उनको आवश्यकताहरुप्रति संवेदनशील हुँदै उनको श्रीमानले प्रेम र आदर प्रकट गर्नुपर्दछ. स्त्रीहरुको भावनात्मक सामर्थ्य तथा कमजोरीहरु पुरुषको भन्दा बढी प्रष्टरुपमा देखिन्छ. एउटा बुद्धिमान श्रीमानले आफ्नी श्रीमतीको मुड अनुसार काम गर्दछ र "आज तिमीलाई के भइरहेको छ ?" जस्ता तिता विचारहरु पोख्नमा उसले आफूलाई नियन्त्रण गर्नुपर्दछ.

४. **श्रीमतीको बोझहरु बोक्न श्रीमानले सिक्नुपर्दछ**

पुरुष तथा स्त्री बीचमा पर्याप्त मात्रामा गहन र न्यानो सम्बन्ध हुनुपर्दछ र दुवैजनाले बिना भय आफ्ना विचारहरु अर्को पक्षबाट बेवास्ता गरिने सम्भावना लाई नसोचिकन आफ्ना समस्याहरु एक आपसमा बांडन स्वतन्त्र छन्. श्रीमतीले केही भन्न खोज्दा त्यतिबेला तिनलाई समस्याहरुको समाधान सुनाउनु हुँदैन. आ-आफ्नो कमजोरीहरु अर्कोले कसरी हेर्छ भनेर पुरुष र स्त्री दुवैले थाहा पाएका हुन्छन्. जब एउटाले अर्कोको बल र उपलब्धिहरुको प्रशंसा गर्छ योभन्दा बढी प्रशंसा गर्नको लागि अर्कोमा यसले प्रेरणा उत्पन्न गर्दछ.

५. **श्रीमान दयालु वा सहानुभूतिपूर्ण हुनुपर्दछ**

धेरै मानिसहरु आफू जिद्दी, हठधर्मी र अधिकार जताउने किसिमको भएमा साँचो (मजबुत) मानिसमा गनिइन्छ भन्ने सोचाई राख्छन्. कतिचोटी यी गलत विचारहरुले मान्यता पनि पाउंछन तर त्यसरी श्रीमतीहरुबाट आदर भने पाउन सकिदैन. नेतृत्व गर्ने र प्रेम गर्ने दुवै जिम्मेवारी श्रीमान को हो (हितोपदेश १८:१२). के बोल्नुपर्ने हो र के बोल्नु नपर्ने हो सो बारेमा श्रीमानले आफ्नो मुख सम्हाल्नु जरुरी छ (हितोपदेश १०:१३). आफ्नो बोली बचनद्वारा श्रीमतीको चरित्रमाथि जाइलाग्नुको सट्टा उसले वास्तविक समस्याहरुको समाधान गर्नुपर्छ. जब श्रीमतीले उसलाई दिक्क पार्छिन त्यतिबेला तिनको असफलताको निम्ति तीनलाई दोष दिनुको सट्टा यस्तो व्यवहार तिनीबाट कसरी आयो भनेर कारण पत्ता लगाउने प्रेरणा उसमा आउनुपर्दछ.

६. **श्रीमानले सधैंभरि राम्रो व्यवहार गर्न सिक्नुपर्दछ**

प्रणय बन्धनमा बांधिएपछि श्रीमानले आफ्नी श्रीमतीप्रति गर्ने व्यवहारमा प्रगति आउनुपर्ने हो. यो विषयमा बेवास्ता गर्नुले उनीप्रति उसको दृष्टिकोण तल्लो किसिमको भएको र उनलाई खास महत्व नदिएको यसबाट देखिन्छ. एउटी स्त्रीले जे अनुभव गर्छिन त्यसैमा तिनी विश्वास गर्न थाल्छिन्. यदि तिनी आफूमाथि श्रीमानले विशेष ध्यान दिएको अनुभव गर्दिनन् भने उनको आफ्नो श्रीमानले उनको चिन्ता गर्छ भनेर तिनी पत्याउन सक्दिनन्.

७. **श्रीमानले आफ्नो जीवनमा इश्वरीय उदाहरण देखाउनुपर्छ** (१पत्रस ५:३)

यसको अर्थ श्रीमानले इन्साफ, दया, भलाई र प्रेम देखाउनुपर्छ र क्षमा गर्न इच्छुक हुनुपर्छ.

ग. श्रीमतीको भूमिका

प्रभुमा समर्पण गरेजस्तै श्रीमतीले आफूलाई श्रीमानमा समर्पित गर्नुपर्छ (एफिसी ५:२२). श्रीमान प्रभुमा नबांचेको भएपनि श्रीमतीहरुले ऊ प्रति समर्पित हुनुपर्छ र श्रीमानहरुप्रति आदरभाव देखाउनुपर्छ (एफिसी ५:३३).

**१. एउटी स्त्रीले आफ्नो ध्यान प्रभुमा केन्द्रित गर्नुपर्छ.**

तीनले उहाँसितको सम्बन्धमा विकास गर्नुपर्छ र त्यसरी तिनको श्रीमानसित पनि राम्रो सम्बन्ध कायम हुन्छ. वास्तवमा स्त्री र पुरुष दुवैले आफूहरुलाई प्रभुमा केन्द्रित गर्नु जरुरी छ. तिनीहरु प्रभुप्रति जति नजीक हुन्छन् एक आपसमा पनि उत्तिकै नजीक हुन्छन्.

**२. पुरुषको तर्कभन्दा स्त्रीको अन्तर्ज्ञान बढी सटीक हुन्छ.**

आफ्ना भावनाहरुलाई तत्काल वाक्यमा मिलाएर तीनले भन्न सक्दिनन् तर त्यसैले गर्दा तिनको विचारहरुलाई तिरस्कार गर्न मिल्दैन. तिनले ती भावनाहरु आफ्नो श्रीमानसित भन्नुपर्दछ.

**३. आफू र श्रीमान बीचमा उत्पन्न असहमतिहरुलाई तीनले कसरी सम्हाल्ने**

विशेषगरी त्यसबेला जब आफ्नो श्रीमानले यसमा गल्ती गर्दैछन् भनेर तिनी सोच्छिन्. परमेश्वर आफ्नो श्रीमानको शिर हुनुहुन्छ भन्ने यथार्थ तीनले बुझ्नु आवश्यक छ. त्यसकारण यो भिन्नतालाई प्रार्थनापूर्वक प्रभुमा राखेर आफ्नो श्रीमानसित बोल्न प्रभुलाई तिनले विन्ती गर्न सक्छिन्. यदि स्त्री परमेश्वर र आफ्नो पतिमा समर्पणको भावनामा रहन्छिन भने श्रीमानको एकतर्फि निर्णयबाट उनीहरुमाथिको दाम्पत्य जीवनमाथि निहित परमेश्वरको उद्देश्य अन्ततः नष्ट हुन जादैछ भन्ने लागेमा खासगरी त्यसबेला परमेश्वरले तिनको श्रीमानको मन परिवर्तन गरिदिनुहुनेछ.

**४. धेरै कोशिश गर्नबाट वचनुपर्दछ.**

पतिलाई गल्ती गर्ने नदिने प्रयत्नबाट पत्नीले आफूलाई टाढै राख्नुपर्छ किनभने पतिको अधिकार र घमण्डमा धक्का पर्नजाने हुनाले उसले ठीक उल्टो काम गर्नसक्नेछ.

५. **आफ्नो पतिको निम्ति पत्नीले दैनिक प्रार्थना गर्नुपर्दछ.**

परिवारको कूलपतिको हैसियतले र उसको कामको निम्ति पनि उसलाई प्रोत्साहन दिनुपर्दछ र उसको निम्ति पत्नीले दैनिक प्रार्थना गर्नुपर्दछ (हितोपदेश १२:२५)

## ख. माता-पिता र बच्चाहरु बीचमा सम्बन्ध

क. माता-पिताको भूमिका (कलस्सी ३:१८-२०)

आफ्ना बाल बच्चामा इश्वर प्रदत्त क्षमतालाई विकास गर्न पिता मातालाई जिम्मेवारी सुम्पिएको छ. त्यसकारण तिनीहरुले आफ्ना बाल बच्चाहरुलाई परमेश्वरको भयमा हुर्काउनुपर्दछ (एफिसी ६:४). बास्तवमा पिता माताको उद्देश्य आफ्ना बाल बच्चालाई ख्रीष्टमा परिपक्व बनाउदै परमेश्वरको सेवाको लागि अर्पण गर्नुपर्छ. परमेश्वरको बाटोमा तालीम पाएका केटाकेटीहरु उमेर पुगेर बुढो भएपछि पनि तिनीहरु त्यस बाटोबाट भट्किदैनन् (हितोपदेश २२:६). पिता माताले बच्चाहरुलाई आफ्नै सम्पत्ति ठान्नुहुदैन तर तिनीहरुलाई संरक्षण दिनको निम्ति पिता मातामा सुम्पिदिइएको मात्रै हो.

ख. आफ्नो केटाकेटीहरुप्रति पिता माताको जिम्मेवारी

१. **केटाकेटीहरुलाई प्रेम गर्ने र मन पराउने हुनुपर्छ**

एउटा परिवारको अस्तित्वको निम्ति सदस्यहरु बीच एक आपसमा प्रेम हुनुपर्छ. प्रेम विना परिवार एउटा घर मात्र रहन जान्छ जहाँ खाने, सुत्ने र जतिसकेको छिटो हिंडिहाल्ने काम मात्र बाँकी रहन्छ. पारिवारिक योजनाहरुमा आफ्नो ध्यान बढ्ता लगाएर पिता माताले गलत कुराहरुमा फिक्री गरिराखेका हुन्छन् (जस्तै घर सजाउने वा बनाउने आदि). कहिले चाहिँ नचाहिकन पनि एउटालाई भन्दा अर्कोलाई बढी माया गरिरहेका हुन्छन्. आफ्नो परिवारभन्दा कामलाई महत्व दिइरहेका हुन्छन् भने छोरा छोरीहरुले जे मागे पनि दिएर तिनीहरुलाई बिगारिरहेका हुन्छन् चाहे तिनीहरुले मागेको कुराको आवश्यकता होस कि नहोस. यसरी पिता माताले छोरा छोरीलाई अनुशासनमा राखिरहेका हुदैनन् वा अनुशासन भएपनि त्यो अति नै खुकुलो हुन्छ.

२. **परमेश्वरले केटाकेटीहरुलाई आशिषको रुपमा हेर्नुहुन्छ**

- तिनीहरु इश्वर प्रदत्त प्रभुका सम्पत्ति हुन् (भजन १२७:३).

- तिनीहरु श्राप हैनन तर आशिष हुन् (व्यवस्था २८:४).
- तिनीहरु सर्व शक्तिमानका कांड हुन (भजन १२७:४-५).
- तिनीहरु प्रभुको इनाम हुन् (भजन १२७:३).
- टेबुलको वरिपरि जैतुनका मुनाहरु जस्तै हुन् (भजन १२८:३).
- तिनीहरु बुढेसकालका श्रीपेच हुन् (हितोपदेश १७:६).

**३. आवश्यक परेका बेलामा तिनीहरुको सुधार गरिनुपर्छ**

तिनीहरुलाई बिग्रनबाट रोक्नका लागि पिता माताले छोरा छोरीहरुलाई अनुशासनमा राख्नुपर्छ (हितोपदेश १९:२१). बाबु आमाले छोराछोरीहरुको जीवनमा प्रभावकारी निर्देशन राख्न छोडेपनि शैतानले चाहिँ पक्कै छोड्दैन. तिनीहरुका खराब बानी तथा आदतहरु क्रोधमा हैन तर प्रेममा अनुशासित हुन तिनीहरु (बच्चाहरु) ले सिक्नुपर्दछ. परमेश्वरले प्रेम गर्नुभएकोले नै हामीलाई उहाँले अनुशासनमा राख्नुहुन्छ र पिता माताले पनि आफ्ना छोरा छोरीहरुलाई प्रेम गर्ने भएकाले तिनीहरुलाई अनुशासनमा राख्नुपर्छ (हिब्रू १२:५-११).

*केटाकेटीहरुलाई अनुशासनमा राख्नुपर्ने तीन कारणहरु*

- केटाकेटीमा मूर्खता हुन्छ (हितोपदेश २२:१५, हितोपदेश २३:१३-१४)
- केटाकेटीमा मूर्खता कायम रहने हुनाले तिनीहरुमा घमण्ड हुन्छ ( हितोपदेश १४:३)
- मूर्खता र घमण्डले अन्तमा केटाकेटीहरुलाई नाश गर्दछ किनभने यसले झगडा, वादविवाद र शरम उत्पन्न गर्दछ (हितोपदेश १३:१०; हितोपदेश २८:२५; हितोपदेश ११:१२ र हितोपदेश २९:१५)

**४. छोराछोरीहरुलाई रीस उठाउनु हुंदैन तर तिनीहरुलाई प्रभुमा तालीम दिनुपर्दछ** (एफिसी ६:४; कलस्सी ३:२१; हितोपदेश २२:६).

"तालीम" लाई यसरी परिभाषित गर्न सकिन्छ : "अभ्यास, अनुशासन, कामलाई बारम्बार दोहोऱ्याउदै चरित्रलाई प्रतियोगिताको निम्ति तयार पार्ने." तालीम परीक्षाभन्दा अझ बढी हो किनभने एउटा बच्चाले के गर्नुपर्ने हो सो शिक्षाले सिकाउंछ भने तालीमबाट ऊ आफूले गरेका कामहरुबाट स्वयं पनि प्रभावित हुने गर्छ. पहिलो मनसँग सम्बद्ध छ भने दोस्रो इच्छाशक्तिसँग. यो हेर्दै नहेरिकन गल्ती सुधार्न खोज्नु नभएर ध्यान दिएर हेर्दै गल्ती सुधार्नुचाहिँ सही तालीम हो. बालक कालका शुरुका वर्षहरुमा सक्रिय अनुभव र संवेदनशील छापहरु परेका देखिन्छन्. यी छापहरुलाई पिता-माताहरुले बच्चाहरुको जीवनमा सबै कुराहरु लोभलाग्दो र आकर्षक छ भनेर देखाउने प्रयत्न गर्दछन. प्रभावकारी तालीमको रहस्य

पिता माताले सिकाएको र भनेकोमा निर्भर हुदैन तर ऊ के हो र के गर्छ त्यसमा निर्भर हुन्छ. हामी आफैंले व्यवहारमा ल्याउन नसकेको आदर्श बच्चाहरुलाई सिकाउन सकिदैन. जब हामी आफूले सिकेर व्यवहारमा ल्याए अनुसार अरुलाई सिकाउंछौं त्यतिबेला तिनीहरु हामीले सिकाए अनुसार जिउन सक्नेछन् (हितोपदेश २०:७). परमेश्वरद्वारा उत्प्रेरित पिता माताको प्रेमले घरमा बाल बालिकाहरुको प्रभावकारी पालनपोषणमा गतिलो प्रभाव पार्दछ. व्यवस्थाले मागेभन्दा बढी प्रेमले आकर्षित गर्दछ.

### ५. बच्चाहरुलाई बढ्न दिनुपर्ने र आफ्नो स्वतन्त्रता कायम राख्न दिनुपर्ने खांचो छ

पिता-माताले आफ्ना छोराछोरीहरुलाई प्रभुमा सुम्पेर तिनीहरुलाई बढन दिनुपर्छ. तिनीहरुले ठीक समयमा यो कार्य संवेदनशीलताकासाथ गर्नुपर्छ. उमेरमा बढदै जांदा छोराछोरीहरुले आफ्ना पिता मातामाथिको निर्भरतालाई त्याग्दै जानुपर्छ. विशेषगरी छोराछोरीहरु ठूलो भैसकेपछि तिनीहरुमाथि पिता माताहरुले धेरै नियम कानून लगाउनु हुदैन तर तिनीहरुलाई मार्ग दर्शनमा सर सल्लाह दिनु उचित हुन्छ. तिनीहरु दुवै पक्ष बीचको सम्बन्धमा विकास गर्नुपर्दछ. विचार तथा व्यवहारमा समझदारीपूर्ण समन्वय कायम गर्न आवश्यक सुझावहरु दिन सकिने एउटा माध्यमको खोजी गर्नुपर्दछ. कतिचोटी छोराछोरीहरुले आफ्ना माता पिताहरु ज्यादै सुरक्षात्मक हुन्छन्, धेरै चिन्ता गर्छन् र तिनीहरुका कुरा पटक्कै सुन्दैनन् त्यसकारण तिनीहरु पाखण्डीहरु हुन् भनेर घोषणा गरिदिन्छन् (आफू जे छैनन् त्यही कुरामा तिनीहरु जोड दिन्छन्). आफ्ना बच्चाहरुलाई इश्वरीय प्रेम देखाउने माता पिताहरुका बारेमा यस्तो कहिल्यै भन्न सकिदैन किनभने तिनीहरु परमेश्वरको वचन र पवित्र आत्माको कामबाट व्यवहार र चरित्रमा परिवर्तन भएको हेर्न इच्छुक हुन्छन्. केटाकेटीहरु आत्मिक जीवन शैलीमा हुर्केर तिनीहरु क्रिश्चियन जीवन जिएको अनि पिता मातालाई प्रेम तथा आदर दिएको नै परमेश्वरको सही बाटोमा हिंड्नु हो.

सम्झना राख्नुहोस्, १३ देखि १९ वर्ष उमेरकाहरु सबै एक पटक विद्रोही स्वभावका हुन्छन् भन्ने कुरा साँचो होइन. आमा-बाबुको विरोधमा जानु पाप हो. तिनीहरुको भलाईको निम्ति नियुक्त भएका बाबु-आमाको विरोध गर्नु परमेश्वरको विरोध गर्नु जस्तै हो. यो कुरालाई हटाउनको निम्ति बाबु-आमाले आफ्ना छोराछोरीहरुलाई उचित समयमा (उनीहरुको काम कुरामा हस्तक्षेप नगर्ने) स्वतन्त्रता दिनुपर्छ.

## ग. केटाकेटीहरुको भूमिका (कलस्सी ३:२०)

तिनीहरुले आफ्नो आमा-बाबुलाई आदर, इज्जत दिएको र आज्ञा पालन गरेको परमेश्वर इच्छा गर्नुहुन्छ. (पुरानो नियममा) पाँचौं आज्ञा यस्तो छ: *"आफ्नो बाबु-आमाको आदर गर ताकि परमेश्वरले तिमीलाई दिनुभएको देशमा तिमी धेरै समयसम्म जिउनसक."* (प्रस्थान २०:१२).

***प्रतिज्ञा गाँसिएको यो पहिलो आज्ञा हो.***

विशेषगरी आफ्ना विचार र प्रतिक्रियाहरुमा केटाकेटीहरुले येशूजस्तै हुने कोशिश गर्नुपर्छ. त्यसबखत आफ्नो पिताको व्यवसाय विपरीत गएको जस्तो देखिए तापनि येशू आफ्नो बाबु-आमाको रेखदेखमा हुनुहुन्थ्यो. आफ्नो आज्ञाकारिताले गर्दा उहाँले बौद्धिकता (बुद्धिमा) र शारीरिक तन्दुरुस्तीमा विकास गर्नुभयो, आत्मिक रुपमा परमेश्वरको मन जित्नुभयो र सामाजिक हिसावले मानिसहरुबाट प्रतिष्ठा आर्जन गर्नुभयो (लूका २:४६-५२).

आफ्ना बाबु-आमाप्रति छोराछोरीहरुले सकारात्मक, सहनशील र कटुता रहित (मिठो) व्यवहार गर्नुपर्छ (एफिसी ६:१-३). गलत मनोवृत्ति देखिएमा तिनीहरुले आफ्ना बाबु-आमा र परमेश्वरसँग पनि क्षमा माग्नुपर्दछ. यसले तिनीहरुलाई दोषपूर्ण भावना, अन्तर्निहित तनाव र रिसाहा स्वभावदेखि छुटकारा दिन्छ. रोषपूर्ण कटुता लिइराख्नु उचित होइन (मर्कूस ११:२५). आफ्ना बाबु-आमाको क्षमतामाथि छोराछोरीहरुले भरोसा गर्न सिक्नुपर्छ र उनीहरुले छोराछोरीको निम्ति ठीक ठानेका कुराहरुमा समर्पित हुनुपर्छ. यदि छोराछोरीको लागि बाबु-आमाले परमेश्वरको इच्छाको विपरीत चाहेका छन् भने उसले परमेश्वरसँग यी कुराहरु ठीक गरिदिन विन्ती गर्नुपर्छ.

छोराछोरीहरुले प्रभुमा आफ्ना माता पिताको आज्ञा पालन गर्नुपर्छ र जब तिनीहरु वृद्ध हुन्छन् तिनीहरुले हेरचाह तथा स्याहार सम्भार गर्नुपर्छ (एफिसी ६:१-५; १ तिमोथी ५:४-८).

## घ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. पारिवारिक इकाई किन महत्वपूर्ण छ ? यो स्थायी हुनु किन जरुरी छ ? नराम्रो पारिवारिक जीवनले गर्दा प्रक्रियागत रुपमा समाज किन खस्कन थाल्छ ?

२. आफ्नो परिवारमा श्रीमानले अधिकार र प्रेमको पक्षहरुलाई कसरी सन्तुलन प्रदान गर्नसक्छ ?
३. जसले आफ्नो परिवार सम्हाल्न सकेको छैन त्यस्ता व्यक्तिहरुलाई स्थानीय मण्डलीको नेतृत्वमा परमेश्वरले किन उठाउन चाहनुहुन्न ? (१तिमोथी ३:४-५, ११-१२).
४. कुन मण्डलीमा जाने र दशांस कहाँ दिने भन्ने निर्णयहरु किन गर्नुपर्दछ ?
५. ख्रीष्टको आदर गर्नपर्ने कारणले गर्दा दम्पतीहरुले एक आपसमा किन समर्पित हुनुपर्छ ?(एफिसी ५:२१).
६. यदि तपाईंको जीवनसाथी (पति/पत्नी) ले प्रभुलाई अहिलेसम्म चिनेको छैन भने ऊ/तिनी विशेष कृपाको पात्र छ/छे. कारण के हो ? (१कोरिन्थी ७:१४).
७. एउटी झगडालु पत्नी कस्ती हुन्छे ? (हितोपदेश १९:१३).
८. एउटा पत्नी सधैं आफ्नो श्रीमानको आदर र समर्पणमा रहेमा ऊ केवल एउटा चटाई वा चकटी (कुसन) जस्तो मात्र हुंदिनन् र ?
९. परमेश्वरले हामीलाई प्रेम गर्नु भएकोले हामीलाई अनुशासनमा राख्नुहुन्छ (हिब्रू १२:६). माता-पिताले पनि आफ्ना छोराछोरीहरुलाई प्रेम गर्ने भएकाले तिनीहरुलाई अनुशासनमा राख्न पर्दैन र ?
१०. माता पिताले कहिले काहिँ यसो भन्ने गर्छन्, "तिमी हाम्रो घरमा बसुन्जेल हामीले भनेजस्तै गर्नुपर्छ र तिमी अन्यत्र सरेपछि आफूखुशी गर्नसक्छौ.
    - के छोराछोरीहरुमाथि यस्तै प्रतिक्रिया र व्यवहार देखाउनु उचित हुनेछ ?
    - पिता माताहरुले कस्तो बीऊ रोपिराखेका छन् ?
    - छोराछोरीहरुले घर छोडेपछि तिनीहरुलाई जेसुकै भएता पनि पिता माताले वास्ता नराख्ने जस्ता अभिव्यक्तिहरु पोख्नु के उचित हुन्छ होला त ? के यस्तो (दुर्भाग्यको) दिन छिट्टै नआउला भन्न सकिन्छ त ?
११. परमेश्वरको पूजा आराधना गर्न छोराछोरीहरुलाई प्रोत्साहन दिनैपर्ने हो त ? (मत्ती २१:१५-१६).
१२. केटाकेटीहरु हो, यदि माता पिताप्रति तिमीहरुका विचारहरु गलत छन् भने परमेश्वर तथा आफ्ना माता पिताबाट क्षमा माग.

पिता माताहरुहो, आफ्ना छोराछोरीहरुप्रति तपाईहरुका विचारहरु गलत छन् भने छोराछोरी तथा परमेश्वरसँग क्षमा माग्नुहोस.

## ङ. सारांश र प्रयोग

१. पारिवारिक इकाई परमेश्वरले स्थापना गर्नुभएको हो. स्त्री, पुरुष तथा छोराछोरीहरुले यसभित्र स्थायित्व पाउनुपर्दछ र सदस्यहरुको आत्मिक वृद्धिमा सघाउ पुग्नुपर्दछ.
२. परिवारमा येशू ख्रीष्ट शिर हुनुपर्दछ अर्थात येशू परिवारको प्रभु हुनुपर्दछ.
३. परिवारमा पति ख्रीष्टको आधिकारिक प्रतिनिधि हो. ऊ पत्नीको शिर हो र बच्चाहरुमाथि शासन गर्ने अधिकारी हो.
४. पतिले पत्नीलाई प्रेम गर्दै उनको नेतृत्व गर्नुपर्दछ र पतिले परिवारमा पूजारीको जिम्मेवारी सम्हाल्नुपर्दछ.
५. पत्नी पतिको सहायक हुनुपर्दछ. उनी आफ्नो पतिलाई आदर गर्दै उसमा समर्पित हुनुपर्दछ.
६. ती घरहरुमा भएको विश्वासीहरुको प्रार्थना र उदाहरणहरुद्वारा पूरै घरले उद्धार पाएको परमेश्वर चाहना गर्नुहुन्छ (प्रेरित १६:३१; १तिमोथी २:१४).
७. छोराछोरीहरु पिता माताका नीजि सम्पत्ति होइनन्. बाबु-आमा त छोराछोरीहरुलाई इश्वरीय बाटोमा तिनीहरुलाई परमेश्वरले दिनुभएको क्षमता अनुसार हुर्काउन र बढाउनको निम्ति नियुक्त गरिएका व्यवस्थापकहरुमात्र हुन्.
८. "आफ्नो छोरालाई ताडना देऊ, किनकि त्यसमा आशा हुन्छ, त्यसको मृत्युमा राजी खुशीले सहभागी नहोउ." (हितोपदेश १९:१८).
९. छोराछोरीहरुलाई परमेश्वरको वचन सिकाउनुपर्छ (व्यवस्था ६:१-७).
१०. सुधार/अनुशासन अथवा घमण्ड/विद्रोह आफ्ना छोराछोरीहरुलाई हुर्काउने बारेमा माता पितासँग उपरोक्त दुई बुँदाहरुमध्ये एकको छनौट गर्न तिनीहरु स्वतन्त्र छन्.
११. छोराछोरीहरुले बाबु-आमाको इज्जत गर्ने, आदर गर्ने र आज्ञा मान्ने आशा गर्न सकिन्छ.
१२. "नाति-नातिनाहरु वृद्धहरुका मुकुटहरु हुन्, र आमा-बाबुहरु आफ्ना छोराछोरीहरुका गर्व हुन्." (हितोपदेश १७:६).